आज मिति २०८३/०४/१७ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं का.वा.वडा अध्यक्ष | श्री चक्रपाणी शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिलामणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव एवं प्र.प्र.अ. | श्री ईश्वरी प्रसाद शर्मा |
| अन्य उपस्थिति | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. छुट सामाजिक सुरक्षा भत्ता रकम माग गर्ने सम्बन्धमा ।

३. जग्गा रोक्काको लागि अनुरोध गरि पठाउने सम्वन्धमा ।

४. नदिजन्य पदार्थको ठेक्का टेन्डर प्रकृया अगाडि बढाउने सम्बन्धमा ।

५. करार नविकरण सम्बन्धमा ।

६. विविध सम्वन्धमा ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा गत आर्थिक वर्ष २०८२/०८३ को अन्तिम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूमध्ये यस नगरपालिका क्षेत्र भित्रका विभिन्न वडाका १७ (सत्र) जना लाभग्राहीको खातामा प्राविधिक कारणवश सामाजिक सुरक्षा भत्ता रकम जम्मा हुन नसकेको पाइएकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा १७ को उपदफा (७) बमोजिम छुट हुन गएको सामाजिक सुरक्षा भत्ता रकम रु १,७०,५४०। (अक्षेरुपी एक लाख सत्तरी हजार पाँच सय चालिस रुपैया मात्र) निकासाका लागि महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा अनुरोध सहित लेखी पठाउने निर्णय गरियो ।

निणर्य नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ८ स्थित कोरिखोला सामुदायिक भवन निर्माण गर्नका लागि आ.व. २०७९/०८० मा रकम विनियोजन भई स्थानीयवासी, टोल विकास संस्था र जग्गादाताको सहमति बमोजिम साविक सिगाना गाविस वडा नं. ६ (हाल बा.न.पा.वडा नं. ८) स्थित कित्ता नम्बर १८५ (क्षेत्रफल ०-१२-१-२) को जग्गामध्ये मोहडा ११ हात र पिछाड २० हात हुने गरी टोल विकास संस्थाको नाममा नि:शुल्क जग्गा दिने गरी मिति २०७९/०५/०५ गते जग्गाधनी र टोल विकास संस्थाबीच सम्झौता भएको र सोही बमोजिम उक्त जग्गामा सामुदायिक भवन निर्माण गर्ने कार्य समेत सम्पन्न भएकोमा सम्झौता अनुसार जग्गा पास नहुँदै जग्गादाताको निधन भई निजका कानुन बमोजिमका हकदार तीन भाइ छोराहरुको नाममा उक्त जग्गा संयुक्त नामसारी भइसकेको तर

जग्गादाताहरूमध्ये केही जग्गाधनी रोजगारीको सिलसिलामा विदेशमा रहेकाले निजहरू फर्कि नआउन्जेलसम्म उक्त जग्गा पास हुन नसकेको हुँदा पूर्व सहमति बमोजिम टोल विकास संस्थाको नाममा जग्गा पास नभएसम्मका लागि उक्त कित्ता नम्बर १८५ को जग्गा किनबेच वा बेचबिखन गर्न रोक्का राख्नको लागि सम्बन्धित वडा कार्यालयबाट अनुरोध भई आएकोले मालपोत कार्यालय, बागलुङमा नियमानुसार जग्गा रोक्काको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निणर्य नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न स्थानहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) उत्खनन गर्ने प्रयोजनका लागि बेरीटेक इन्जिनियरिङ कन्सलटेन्सी (कोटेश्वर, काठमाडौं) द्वारा तयार भई नगर कार्यपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, २०८३ ले निर्धारण गरेको परिमाणभित्र रही, गण्डकी प्रदेशको हाल कायम चालू आर्थिक ऐनको परिधिभित्र रहेर चालु आव २०८३/०८४ मा नदीजन्य पदार्थ उत्खनन प्रक्रियालाई व्यवस्थित रूपमा अगाडि बढाउन राजस्व परामर्श समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत करार कर्मचारीहरुको करार म्याद २०८३ असार मसान्तमा सकिएको हुँदा कार्यालयको कार्यबोझलाई मध्येनजर गरी करार म्याद थप गर्नु पर्ने अवस्था सृजना भएको साथै करार म्याद थप गर्दा नेपाल सरकारले हाल बृद्धि गरेको तलवलाई समेत मध्येनजर गरी शुरु तलवस्केलमा यसपूर्व करार सम्झौता भएका कर्मचारीको हकमा सोही पद/तहको शुरु स्केल कायम गर्ने, २०८३ साल यता तलववृद्धी गरेका बाहेक अन्य कर्मचारीहरुको हकमा १० प्रतिशत सम्म हुने गरी र सम्भव भए सम्म एउटै तहको तलवमा एकरुपता कायम हुने गरी तलवमान कायम गरी करार सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

**निणर्य नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ९ स्थित डोय भन्ने स्थानमा नगरपालिकाको गौरवको आयोजना तथा ड्रिम प्रोजेक्टको रूपमा रहेको ब्लु हिल पर्यटन पूर्वाधार (Blue Hill Tourism Infrastructure) निर्माणको लागि चालु आ.व.मा बजेटको सुनिश्चीतता रहेको व्यहोरा निर्णय गरियो ।